# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

**प्रेस विज्ञप्ति मितिः २०७२।११।१७ गते ।**

**आरोपपत्र दायर गरिएको (सरकारी रकम हिनामिना) ।**

------------------------------------------------------------

पूर्व सशस्त्र प्रहरी महानिरीक्षक सनत कुमार बस्नेत मिति २०६६ वैशाख देखि २०६८ श्रावण महिना सम्म सशस्त्र प्रहरी महानिरीक्षकको हैसियतमा कार्यरत रहँदा मातहत युनिटहरुमा सामान ढुवानीमा भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन उपर अनुसन्धान हुँदा निजकै आदेश/निर्देशनमा सार्वजनिक खरीद ऐन, नियम विपरीत विभिन्न कर्मचारीहरुको नाममा ढुवानी प्रयोजनको लागी भनि पेश्की लिएको देखाई सामान नै ढुवानी नगरी, संचालन मै नभएका/नरहेका ट्रान्सपोर्टहरुको झुठ्ठा बिलहरु पेश गर्न लगाउनुका साथै बुद्द तथा यति एयरलाईन्सबाट कार्गो गरी मातहत युनिटहरुमा जिन्सी सामानहरु ढुवानी गराएको भनि एयरलाईन्सहरुको समेत झुठ्ठा कार्गो बिल तयार गर्न लगाएको, यसैगरी सामान ढुवानी गर्न भनी पेश्की लिएका भनिएका कर्मचारीहरुको नाममा पेश्की सोधभर्ना भुक्तानी दिईएको भनि सम्बन्धित कर्मचारीहरुका नाममा चेक काटी सोही चेकको पछाडिपट्टी दैनिक भ्रमण भत्ता वितरण गर्ने प्रयोजनका लागी भन्ने झुठ्ठा विवरण उल्लेख गरी निज पुर्व सशस्त्र प्रहरी महानिरीक्षक सनत कुमार वस्नेत समेतले चेकको व्यहोरा प्रमाणित गरी रु.९,१५,८१,१५१।-(अक्षरुपी नौ करोड पन्ध्र लाख एकासी हजार एक सय एकाउन्नण रुपैया) नेपाल राष्ट्र बैक वाट झिकी आफूहरु समेतलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि पुर्यापउने वदनियतले भ्रष्टाचार गरेको पुष्टी हुन आएकोले देहाय बमोजिमका कर्मचारीहरु उपर देहाय बमोजिमको मागदाबी सहित आज बिशेष अदालत काठमाण्डौमा आरोप पत्र दायर गरिएको छ ।

| सि.नं. | दर्जा | नामथर | बिगो रकम | सजाय मागदाबी |
| --- | --- | --- | --- | --- |
| १. | पूर्व सशस्त्र प्रहरी महानिरीक्षक | सनत कुमार बस्नेत | रु.९,१५,८१,१५१।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |
| २. | सशस्त्र प्रहरी निरीक्षक | विन बहादुर थापा | रु.९,१५,८१,१५१।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |
| ३. | सशस्त्र प्रहरी निरीक्षक | मनुहिरा महत | रु.७३,२३,९५४।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |
| ४. | सशस्त्र प्रहरी निरीक्षक | शिव बहादुर अधिकारी | रु.२३,५९,०१०।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |
| ५. | सशस्त्र प्रहरी नायब निरीक्षक | देवेन्द्र कुमार श्रेष्ठ | रु.८३,८३,१३६।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |
| ६. | सशस्त्र प्रहरी नायब निरीक्षक | निल बहादुर श्रेष्ठ | रु.१,०६,६४,७३४।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |
| ७. | सशस्त्र प्रहरी नायब निरीक्षक | लेख बहादुर खत्री | रु.१,०६,२९,७१२।- | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१) बमोजिम |

FIGHT AGAINST CORRUPRION